# सेल्टर : निर्माण र प्रयोग



दलबहादुर राना
पोलिटब्युरो सदस्य

भूमिगतकालको यात्रा सम्झँदा रमाइलो लाग्छ। म गरिब परिवारको मान्छे, छ वर्षको उमेरमा आमा गुमाएको। हामी दुई भाइलाई हेला नहोस् भनेर बुवाले लामो समयसम्म विवाह गर्नुभएन। १२ वर्षसम्म महिलाविहीन घरमा हामीलाई बुवा र हजुरबुवाले हुर्काउनु भयो। मेरो विवाह हुनुभन्दा दुई वर्ष अगाडि मात्रै बुवाले विवाह गर्नुभएको थियो। मेरो विवाह एक निरक्षर तर खानदानी र जिल्ला पञ्चायत सभापतिकी छोरीसँग भएको थियो। २०४० सालतिर आइपुग्दा हाम्रो परिवार आठ नौ जनाको भयो। जागिरका लागि भारत गएका दाजु कमाइ भएन भनेर आठ वर्षसम्म घरै आउनु भएन।

म जागिरे थिएँ। मेरो तलब स्केल २०३६ सालमा २९० रुपैयाँ मात्र थियो, त्यसैले सबै परिवार धान्नु पर्थ्यो। पार्टीले मलाई छिट्टै पूर्णकालिक कार्यकर्ता बनाउने योजना बनाएको रहेछ। तर त्यसका लागि परिवार पाल्ने वैकल्पिक स्रोत, श्रीमतीलाई कम्युनिस्ट आचरण र व्यवहारको ज्ञान दिनु आवश्यक थियो। उता कर्मचारी भए पनि मेरै सक्रियतामा २०३८ फागुन २४ गते गाउँमा जनप्रिय युवा क्लब स्थापना गरेर २०३९ फागुन २४ गते भव्यतासाथ सांस्कृतिक कार्यक्रम र 'हली' नाटकसहित क्लबको वार्षिक उत्सव मनाएपछि प्रहरी प्रशासनको निगरानीमा परिसकेको थिएँ। त्यसैले २०३९ चैत–वैशाखतिर साढे दुई वर्षको छोरा प्रकाशलाई गल्धा घनश्याम ज्ञवालीको घरमा पालनपोषण गर्ने जिम्मा लगाइयो र श्रीमती यमकुमारी राना (सिर्जना) लाई तानसेन डेरा लिएर महिला साथीहरूको सङ्गतमा राखियो। कम्युनिस्ट आचरण र सरसङ्गतमा अभ्यस्त पार्न सिलाइ–कटाइ र होजेरीको तालिममा लगाइयो। निरक्षरताका कारण तालिममा सोचे अनुसार प्रगति भएन।

२०४१ वैशाख १ गते श्रीमती र छोरालाई दर्छा रजघरामा साढे तीन रोपनी बारीसहितको झुप्रो घर किनेर राखियो। मेरो सानो औषधि पसल पनि थियो। २०४१ को अन्त्यतिरबाट पार्टीकै सल्लाहमा यमनाथ पाठक र मैले साझा औषधि पसल चलाउन थाल्यौँ। २०४३ सालमा त्यहीँ विद्यालयको घडेरी भाडामा लिएर घर बनाई औषधि पसल विस्तार गऱ्यौँ। यमनाथ पाठकको रेखदेखमा श्रीमतीले किराना पसल चलाउन थालिन्। यसैबाट रजघराको मेरो परिवार र आवश्यकता अनुसार बर्दाकोटको बुवाको परिवारलाई समेत खर्चको व्यवस्था मिलाइन्थ्यो। सायद म पाल्पाबाट गुल्मी जाने बेलाजस्तो लाग्छ, एक दिन यमनाथ पाठकको घरमा बसेर दिउँसो श्रीमतीलाई पसलबाट सियो, धागो, सलाइँ, अलिकति टाँक लिएर आउन भनेर खबर पठाएँ। सामान लिएर आएपछि सामान लिँदै सम्झाउन थालेँ– 'पसल राम्ररी चलाउनू, आफू पालिनू, बच्चा राम्रोसित पाल्नू, पुग–अपुगमा बर्दाकोट बुवालाई पनि पठाउनू, पसलमा सामान सकिँदा भरियालाई ल्याउन पठाउनू, हरहिसाब राम्ररी राख्नू, म एकप्रकारले घर त्यागेर हिँड्न लागेको छु, भेट अलि पातलो हुन्छ, मिल्दा चिठी पठाउँछु, अब मैले परिवारभन्दा पार्टी ठूलो मान्नुपर्ने हुन्छ।' यी कुरा सुनाउँदै गर्दा श्रीमती धरधरी रोएको सम्झना आइरहन्छ। अर्कोतिर गर्व लाग्छ– एक निरक्षर, तर सम्पन्न, पञ्च परिवारमा हुर्केकी भए पनि छिट्टै कम्युनिस्ट राजनीति, आचरण र व्यवहारमा आफूलाई रूपान्तरण गर्न र गरिबीमा बाँच्न सिकेर मलाई पार्टी र पारिवारिक जीवनमा साथसहयोग दिन श्रीमती सफल भइन्। २०४१ कार्तिक १५ गतेदेखि मैले एक वर्षको विशेष बिदा लिएर पूर्णकालिक राजनीति गर्न थालिसकेको थिएँ।

२०४१ को अन्त्यतिर रामपुरफाँट सिँचाइ योजना नहरका मजदुरहरूलाई समयमा ज्याला नदिएको र रकम समेत कटौती गरेको विरोधमा मेरै नेतृत्वमा सशक्त आन्दोलन गरेर सफल पारेका थियौँ। २०४४ असोजमा रामपुरमा गरिएको पुनर्मिलन कार्यक्रममा पञ्च–काङ्ग्रेस गठबन्धनले गरेको हस्तक्षेपको प्रतिवाद गर्दा काङ्ग्रेसका चण्डीप्रसाद पाण्डे घाइते भएपछि म सहित २५ जना विरुद्ध शान्ति सुरक्षा ऐन अन्तर्गत मुद्दा दर्ता गरी पक्राउ पुर्जी जारी गरेपछि पार्टीले मलाई पाल्पाबाट गुल्मीको पार्टी काममा सरुवा गऱ्यो।

यसरी मेरो भूमिगत जीवन मुख्यत दुई जिल्लामा केन्द्रित रह्यो। पाल्पामा आफ्नै जिल्ला र पृष्ठभूमि स्वास्थ्य कार्यकर्ता भएकाले सेल्टर लिँदा पार्टी कार्यकर्ता र 'गाउँले डाक्टर बाबु' को परिचयले सजिलो बनायो। तर स्थानीय भएकाले सेल्टरमा बस्दा समेत प्रशासन र विरोधीहरूबाट धेरै सतर्क हुनुपर्दा असहज पनि भयो। गुल्मीमा मलाई हिँडडुल गर्न प्रहरी प्रशासनले नचिन्ने, मान्छे सानो, अरूको नजर नपर्ने हुँदा सेल्टरभित्र

आउँदा र निस्कँदा ख्याल गरे पुग्ने, अरू केही समस्या रहेन। कतै परिचय दिनु पर्दा गुल्मी लुम्पेकमा धेरै मगर भएकाले लुम्पेक घर भन्थेँ। धेरैले 'स्याङ्जाली दीपक नानी' भनेर चिन्थे। अहिले सम्झिँदा मैले अधिकांश बाहुन क्षेत्री साथीहरूका घरमा सेल्टर प्रयोग गरेछु। मिचेर होइन, एक कदम पछि रहेर, मन जितेर संस्कार फेर्नुपर्छ भन्ने धारणा रहेकाले खाना खाँदा मलाई टक्र्याएको पिर्का एक कदम पछाडि सार्ने मेरो स्वभावै बनेको थियो।

एउटा सेल्टरबाट अर्कोमा सर्दा बिहान या साँझ खाने समयमा पुग्न नसक्ने स्थितिमा सकेसम्म बाटोमै खाजा नास्ताको व्यवस्था गर्ने र खाना खाइसकेको भन्दै सेल्टरदातालाई थप खाना पकाउने झन्झटमा पार्दिन थिएँ। त्यसले पनि आमा दिदीहरूसँगको सम्बन्ध मिठो गराउन केही सहयोग पुऱ्यायो। मैले सेल्टर प्रयोग गर्दा पहिलो चोटि कमरेडहरूमार्फत नै वातावरण मिलाएर जाने, त्यसपछि घर र परिवारको बाहिरी–भित्री वातावरण र आशय बुझेर सेल्टर कमबेसी प्रयोग गर्थें। क्रमशः सङ्गठकको घर, कमिटीमा आबद्ध कमरेडहरू, पार्टी सदस्य र कार्यकर्ताले सिफारिस गरेको घर हुँदै शुभचिन्तकमा सर्ने र शुभचिन्तक बनाएर सेल्टर विस्तार गर्दै जाने गरी सेल्टर नीति लागू गर्थें। सकेसम्म एकान्त घर, आउन निस्कन सहज हुने, समर्थक शुभचिन्तक बढी भएको टोल, गोपनीयता राख्न सक्ने, सानो परिवार र एउटा घरमा एकपटकमा दुई–तीन दिनभन्दा बढी सकेसम्म नबस्ने गरी समय मिलाइन्थ्यो। सेल्टरमा बस्दा मिलेसम्म घरका काम सघाइदिने गरी अघि बढ्दा कहीँ पनि खासै असहज महसुस भएन। मैले पाल्पा र गुल्मीमा चार–पाँच वर्ष बस्दा सयौँ घर सेल्टरका रूपमा प्रयोग गरेँ। अभाव र गरिबीका बीचमा आफ्नो गाँस काटेर मलाई खान दिने, अलग कोठा नभएको घरमा एउटै कोठामा आत्मीयतासाथ सुताउने व्यवस्था मिलाउने, आफूहरूले कम ओढेर पनि मलाई उपलब्ध गराइदिने गरी मैले जुन माया, सद्भाव, सहानुभूति, सुरक्षा र संरक्षण पाएँ, ती सम्पूर्ण सेल्टरदाताहरूप्रति प्रशंसा, सम्मान र धन्यवादका साथै आभार प्रकट गर्दछु। विगतलाई सम्झँदा केही सेल्टर र सेल्टरदातासँगको व्यवहारको ताजा सम्झना आइरहन्छ।

## छोराले गोपनीयता बिर्संदा

एक पटक रातीको समय दर्छा राजघराको स्कुल छेवैको आफ्नै घरमा कोठामा बसिरहेको थिएँ। घरमा छ वर्षको छोरा प्रकाश र श्रीमती बस्थे। किराना पसल थियो। दुवैलाई गोपनीयताबारे जानकारी थियो। तर छोराले भुलेछ। दिउँसो श्रीमती पसलमा बसिरहेका बेला छोरा प्रकाश र छिमेकीको छोरा केशव भण्डारीसँग लुकामारी खेल्ने

क्रममा मेरो कोठामा आइहाल्यो। किन आएको ? बाहिर जा भन्नासाथ उसको साथी पनि छिरिहाल्यो। दुवैलाई बाहिर पठाएँ। पछि किन साथी ल्याइस् भनेर सोध्न र सजाय दिन छोरालाई कोठामा बोलाएर खाटमा पल्टिन लगाएर हातखुट्टा समातेको त पातलो, एक मुठीको दुब्लो पो रहेछ ! के सजाय दिनु, माया लाग्यो। 'किन साथी ल्याइस्' भनेको सहज रूपमा 'बिर्सिएर' भन्यो र अब फेरि बिर्सन्नँ भनिहाल्यो। माफी दिएर बाहिर पठाएँ। अर्को बच्चा छिमेकी होटलवालाको छोरा थियो। होटलमा हामीलाई खोज्न खाजा खाने बहानामा प्रहरी आइरहने भएकाले थाहा पाउन सक्छन् भनेर त्यही रात सेल्टर फेर्नु पर्‍यो।

**कित्लीको बिँड र बाँसको भरेङ**

म लुम्पेक जाँदा प्रायः कमरेड फटिक थापाको घरमा बस्ने गर्थें। फटिक भारतीय पेन्सनरको छोरा, शिक्षक पेसा, लेकको एकान्त घरका साथै उहाँको सानो परिवार थियो। चिसो ठाउँ भएकाले घरमा आमाले चौबीसै घण्टा एउटा ठूलो कालो कित्लीमा बिना चिनीको कालो चिया तताइरहनु हुन्थ्यो। कित्लीको बिँड फुत्किएको पनि एक वर्षजति भएछ। कित्ली नमाझेको त्यसभन्दा बढी भएजस्तो लागेर मैले आमाको अनुमति लिएर एक दिन मजाले कित्ली माझेँ र छाताको डन्डी काटेर बलियो बिँड हालिदिएँ। आमा त दङ्ग !

फटिकको बिहे गर्ने उमेर भइसके पनि बिहे गर्न केटी देखाउँदा आँट गर्नै नसक्ने। अहिले भयो भो भनेर हिँड्नु हुन्थ्यो। उहाँ र म गोठमा सँगै सुत्थ्यौँ। गोठमा तल भैँसी, बाख्रा र माथि मकैको डाँठ खोस्टा थियो। ओछ्यानमा जाने भरेङ थिएन। सुत्न जाँदा भरेङ नभएकाले जमिनबाट उफ्रेर, काठ समातेर निस्कनु पर्थ्यो। म होचो मान्छे, भैँसी छलेर उफ्रेर चढ्नु पर्दा मलाई सारै सकस हुन्थ्यो। त्यो कुरा सायद फटिकलाई थाहा भएन या उहाँको घरमा काम गर्ने बानी नै थिएन कि कुन्नि ? विद्यालयबाट आएपछि प्रायः पढिरहनु हुन्थ्यो। एक दिन मैले बाँस काटेर ल्याएर भरेङ बनाइदिएँ। त्यस दिनदेखि उहाँको घर जाँदा उफ्रनु पर्ने समस्या अन्त्य भयो। म त खुसी भएँ, तर फटिकलाई कस्तो लाग्यो कुन्नि, मेसै पाइनँ। बहुदल आएपछि म पाल्पा फर्कें। त्यसको केही समयपछि उहाँलाई बोलाएर मेरै कान्छी सानिमा (छयामै) की छोरी महेश्वरी थापालाई बिहे गरेर पठाई दिएँ। उहाँ पछि सांसद पनि हुनुभयो। अहिले राम्रो प्रगति गर्नुभएको छ। साथीको कल्याणै गरिएछ भनेर खुसी लाग्यो।

### पिसाबले च्याँप्दाको पीडा

गुल्मीको दिगाम माविबाट अलि तल कोशल पोखरेलको घरमुनि कमरेड खगेश्वर पोखरेलको घरमा उहाँकी आमा, श्रीमती र दुई छोरी हुनुहुन्थ्यो। बोहातिर जाने बाटोकै आडमा बाटोमुनि उहाँको घर थियो। खगेश्वर पोखरेल सायद प्लम्बरको काम गर्नु हुन्थ्यो। दिनमा प्रायः घर कोही नहुने, सबै ढोका लगाएर काममा जाने हुँदा म भित्र एक्लै हुन्थेँ। मैले लेखपढ गर्ने र भैँसीलाई कुँडो पकाइदिने, मकै छोडाउने काममा सहयोग गर्थें। ढोकाअगाडि आँगनछेउमै बाटो भएकाले दिउँसो बाहिर निस्कन मिल्दैन भन्नु हुन्थ्यो। त्यहाँ बस्दा दिउँसो दिसाले च्यापेर दुःख दिने स्थिति त रहेन। तर पिसाबले अत्याइरहने। त्यस्तो बेला के गर्ने भन्ने केही सल्लाह भएन, सायद पिसाब भित्र भाँडोमा जम्मा गरेर साँझ बाहिर फाल्न लगाउँदा परिवारले थाहा पाएर घिन मान्न सक्छन् भनेर पनि होला। पहिलो दिनमै पिसाबले सारै च्याप्यो। राम्रो भाँडा प्रयोग गरेको थाहा पायो भने सेल्टर नै गुम्ने हो कि भन्ने डरले आँटीभरि खोज्दा बल्ल एउटा थोत्रो प्लास्टिकको डिब्बा फेला पारेर त्यसैमा पिसाब फेरेको त पिसाब ननिखिँदै डिब्बा भरियो। बीचमा पिसाब रोकेर छिट्छिटो घरको करेसापट्टिको छानोमा फालेर बाँकी पिसाब निखारेपछि बल्ल शरीर हलुङ्गो महसुस भयो। गन्ध नआओस् भनेर थोरै पानी पनि फाले, धेरै पानी फाल्दा घर पछाडि भित्तामा भिजेको देखिन्छ कि भन्ने उत्तिकै डर लाग्यो। जे होस्, त्यहाँ बस्दासम्म मैले त्यही तरिका अपनाइरहेँ। त्यतिबेला डिब्बामा नअटाएर पिसाब रोक्नुपर्दाको पीडा र पिसाब निखारेपछिको आनन्द सम्झँदा अहिले पनि अनौठो लाग्छ।

### दिनभरि बारीमा मकै भाँच्दा

वीरबास बजारदेखि दक्षिण खर्ज्याङ खोलानजिक बाख्रे भन्ने गाउँमा हाम्रा समर्थक कँडेल साथीहरूको बस्ती थियो। त्यहाँ एक जना चिन्तामणि कँडेल कमरेड हुनुहुन्थ्यो। म एक दिन साँझ उहाँको घरमा बास बस्न गएँ। त्यतिबेला घरमा सायद उहाँ, श्रीमती र एउटी विवाह गरेर माइती बसेकी छोरी हुनुहुन्थ्यो। साँझमा कमरेडसँग केही गफगाफ भयो। सुत्ने बेलामा थाहा पाएँ– उहाँहरूको भोलिपल्ट मकै भाँच्ने योजना रहेछ। सुत्ने बेलामा सोचेँ– मकै भाँच्ने आत्तुरीका बेला सबै काममा जाँदा म मात्र घरमा बसेँ भने अप्ठ्यारो हुन्छ। फेरि मकै स्याहार्ने माचो भएका बेला सुरक्षाको समस्या नहुँदा सेल्टर दिने परिवारलाई सहयोग गर्नु हाम्रो दायित्व पनि हो। बिहान उठेपछि मैले चिन्तामणिलाई 'म पनि मकै भाँच्न जान्छु' भनेर सुनाएँ। उहाँले पनि सहजै हुन्छ भन्नुभयो। घरमुनि ठूलो पाटो धम्सिलो परेको बारी रहेछ। ठाउँ एकान्तै थियो। मकै भाँच्न लागियो, दिनभर कसैले मकै भाँच्ने कसैले ओसार्ने गरियो। साँझ निकै थकाइ महसुस भयो। सायद उहाँको घरमा म थप एक दिन बसेर अन्यत्रै लागेँ। मैले त अरू केही अप्ठ्यारो मान्ने र

गुनासो गर्ने कुरै भएन। सायद छिमेकी कुनै कमरेडले मैले दिनभर काम गरेको देखेर पार्टी नेतालाई सुनाएको हुनुपर्छ, अलि दिनपछि कताबाट कमल श्रेष्ठले थाहा पाएर 'भूमिगत बसेको नेतालाई खेतालाजस्तो दिनभर कज्याउन अप्ठ्यारो लागेन ? यस्तो गल्ती गर्ने ?' भनेर चिन्तामणि कँडेललाई बेसरी गाली गर्नुभएछ। त्यसपछि त उहाँको घरमा जाने परिस्थिति नै मिलेन।

**सेल्टरदाताको मन जित्न यसो पनि गरियो...**

रिडीबजारबाट रिडी खोलाको किनारैकिनार जाँदा बोहा गाउँको पुछारमा खिमलाल पोखरेलको घर थियो। साथीको घरमा बुढी आमा, निमाविमा पढ्ने बहिनी निराला पोखरेल र उहाँ तीन जना मात्र बस्नु हुन्थ्यो। कमजोर आर्थिक स्थिति, गाउँमा सानोतिनो ठेक्कापट्टाजस्तो काम गरेर परिवार पाल्ने, बहिनीलाई विद्यालय पढाउनुपर्ने, विवाह गर्ने उमेर भइसकेको तर आर्थिक अभावले पनि विवाह गर्न ढिलो भएको अनुमान गर्न सकिन्थ्यो। नयाँ सेल्टर विस्तारका क्रममा एक दिन म साथीहरूको सिफारिस र सहयोगमा उहाँको घरमा पुगेँ। मूल बाटोको छेउमै भए पनि को आयो, गयो कसैलाई खासै चासो नहुने, पूर्व–पश्चिमबाट आउँदा झोला बिसाउन सजिलो हुने, आमा–बहिनी दुवै जना अत्यन्त मिलनसार र फरासिला देखेपछि, पहिलो आगमनमै मेरा लागि उपयुक्त सेल्टर मिल्यो भन्ने लाग्यो। तर आमामा राजनैतिक सम्पर्क र बुझाइमा कमीजस्तो अनुमान गरेँ। खिमलाल पोखरेल टोल कमिटीमा सङ्गठित व्यक्ति, बहिनी निराला निमाविमा पढ्ने हुँदा छिटो राजनीति बुझ्न बुझाउन सकिन्छ र आमालाई खुसी राख्दा यो सेल्टर प्रयोग गरी रहन सकिन्छ भन्ने अनुमान गरेँ। पहिलो बसाइमै थाहा पाएँ, आमाको चुरोट पिउने बानी रहेछ। हामी सर्वहारा वर्गको राजनीति गरेको मान्छे। जनताको घरमा, जनतासँगै, दुःखसुखमा सहभागी भएर चल्नुपर्ने, सीमित रूपमा उठेको लेभीबाट सामान्य औषधि उपचार, बाटो खर्च, कापी–कलम, लाउने जुत्ता, कपडा, ब्रस–मन्जन, साबुनजस्ता अत्यावश्यक सामान किन्न खर्च पुऱ्याउनु पर्थ्यो। प्रत्येक खर्चको एक–एक हिसाब बैठकमा बुझाउनु पर्ने हुँदा चुरोट किनेको हिसाब देखाउन मिल्ने कुरा पनि भएन। बाटोमा हिँड्दा चिया खाजामा खर्च भएको भनेर आमालाई चुरोट लगिदिँदा आमा खुसी पनि हुने र सेल्टर लिन सजिलो हुने भएकाले मैले पनि कहिलेकाहीँ जाँदा चुरोट लगिदिन्थेँ। विधि अलिकति मिचेर भए पनि आमाको मन जित्ने काम गरेँ। जति दिन उहाँको घरमा बसेँ, धेरै माया पाएँ। मलाई त दुई–चार किलो चामल दिन सक्ने भए आफूलाई समेत हुने, परिवार पनि खुसी हुने जस्तो लागिरहन्थ्यो। तर के गर्नु, एकातिर पैसा नहुने, अर्कोतिर चामल किनेर दिने र खाने कुराले त सेल्टर नभएर डेरा लिएजस्तो

हुने हुँदा त्यस्तो गरिएन । पछि सुनेँ– खिमलाल पोखरेलको पनि विवाह भएछ । बहिनी निरालाले कतै जागिर खान थालिन् रे ! आमा बित्नु भएछ ।

## मिठो पाउँदा बढी नै पो खाइयो कि !

गुल्मी ज्ञवामा कमरेड सिद्धिनाथ ज्ञवालीको घर, राजनीतिक गुरु, सबै परिवारमा राजनीतिक चेतना भएकाले घुम्दै जाने क्रममा बेलाबेला जाने, बस्ने, खाने गरिन्थ्यो । दिदी (सिद्धिनाथ ज्ञवालीकी श्रीमती) ले माया गर्नुहुन्थ्यो । सिद्धिनाथ कमरेड पाल्पातिर हुनुभएको र कामका सिलसिलामा उहाँसँग भेट भइरहने हुँदा खबर सुनाउनका लागि पनि जान्थ्यौँ । अलि–अलि बिरामी भैरहने भए पनि खाना बनाउने काम दिदीले नै गर्नु हुन्थ्यो । एक दिन उहाँको घरमा बस्न गएँ । भोलिपल्ट जनै पूर्णिमा या कृष्ण जन्माष्टमी त्यस्तै कुनै पर्व परेको थियो । खान बोलाउनु भयो । घरका अरू कता कता हुनुहुन्थ्यो, थाहा भएन । खान बस्दा म एक्लै थिएँ, खाजा पकाउनु भएको रहेछ । पस्किएर दिनुभयो । खाएर सक्ने बेला 'अलिकति थपौँ नानी ?' भन्नुभयो । 'हुन्छ' भनेँ, थपिदिनु भयो र 'नानीले मिठो पाउँदा त धेरै नै खाने रहेछौ, खाऊ' भन्नुभयो । म त अलमल्ल परेँ । सोचेँ, मैले थपेर खान थालिहालेँ, के गर्नु ? कतै थोरै अड्कलेर पकाएको मैले बढी खाँदा अरूलाई नपुग्ने पो भएछ कि ? अरू बेलाभन्दा धेरै नै खाएँ छु कि ? या त्यसरी बोल्ने उहाँको बानी नै हो कि ? मनमा प्रश्न उठ्यो । तर बोलेर केही अर्थ थिएन, केही नबोली सरासर खाएर उठेँ । अलिअलि असजिलो महसुसचाहिँ पछिसम्मै भयो ।

## सामग्री फर्काउन नसक्दाको नैतिक सङ्कट

गुल्मी वामीटक्सार भेगमा सेल्टर प्रयोग र विस्तार गर्ने क्रममा कमरेडहरूले मलाई ठाकुर व्याससँग भेट गराउनु भयो । भारतीय सेनाबाट अवकाश प्राप्त व्यक्ति । हेर्दा अग्लो मोटोघाटो, फुर्तिलो, हँसिलो, चलाख खालको, सुस्त बोल्न नजान्ने । घरवरपर निकै सफा सुग्घर । घरमा दुई जना मात्र बस्ने । उहाँकी श्रीमती पनि मिजासिलो, पाहुनाको सत्कार गर्न सिपालु । पहिलो भेटमै एउटा राम्रो सेल्टर र कार्यकर्ता थपियो भन्ने लग्यो । त्यहाँ बेलाबेला जाने र बस्ने पनि गरियो । सम्भवतः २०४५ सालतिरको समय हुनुपर्छ, जिल्लामा हाम्रो प्रभाव र व्यवस्थित रूपले सङ्गठन विस्तार हुने क्रममा हामीलाई मण्डलेहरूबाट सुराकी गर्ने, साथीहरूलाई दुःख दिने, शिक्षक विद्यार्थीमाथि निगरानी बढाउने, मण्डले र प्रहरीबीचको बाक्लो सम्बन्ध हुने गतिविधि बढ्दै जान थालेकाले साङ्केतिक रूपमा एक–दुई जना मण्डलेलाई गुप्त कारबाही गर्नुपर्छ भन्ने चर्चा चलिरहेको थियो । त्यही बेला कमरेडहरूबाट ठाकुर व्याससँग एउटा सामान छ भन्ने थाहा पाएँ । एक दिन गएर केही समयलाई त्यो सामान माग्दा सहज रूपमा दिनुभयो । लगत्तै देशमा

आन्दोलनको माहोल फरक किसिमले तात्दै जाँदा जिल्लामा पनि आन्दोलनको रूप फेरियो। शिक्षक, विद्यार्थी, किसान, महिलाका खुला आन्दोलनहरू सुरु भए। व्यस्तता र दौडधुप थपियो। मैले त्यो सामान सोमनाथ सापकोटा र किशोर आचार्यलाई तम्घासमा सुरक्षित राख्ने जिम्मा दिएँ। आन्दोलन चर्कँदै जाँदा म समेत सहभागी भएर बलेटक्सार र वामीटक्सारमा ठूला आन्दोलन भए। बहुदलीय व्यवस्था घोषणा भयो। मलाई पाल्पा जिल्ला फर्काइयो। गुल्मी जिल्ला छोड्ने बेला त्यो सामान ठाकुर व्यास कमरेडलाई फर्काइदिनूस् भन्न भुलेछु। सामान राख्ने कमरेडहरूले पनि सायद सम्झनु भएन। अहिले उहाँहरूमध्ये किशोर आचार्यको देहावसान भइसकेको छ। दुई–तीन वर्षभित्रै ठाकुर व्यासले सम्झाउनु भएको भए पनि सामान फेला पार्न सजिलो हुन्थ्यो। उहाँ पनि चुपचाप बस्नु भयो। धार्मिक कार्यतिर लाग्नु भएको रहेछ। २०४५ सालको घटना, एकैचोटि ३१ वर्षपछि २०७६ सालमा मलाई फोन गरेर 'तपाईंले मसँग मागेर लगेको सामान फिर्ता दिनु पर्‍यो भन्नु भयो। म त छाँगाबाट खसेजस्तो भएँ। जनताको सियो र धागोको टुक्रा पनि सित्तैँमा नलिनू भन्ने रेडबुक पढेर सिकेको कार्यकर्तालाई ३१ वर्षअघि लिएको सामान अझ फिर्ता नगरेको कुरा सुन्नुपर्दा त केही बोल्नै सकिनँ। 'ल। म बुझी हाल्छु' भनेर सोमनाथ सापकोटालाई फोन गरेर सबै कुरा बताएँ। उहाँले 'किशोर र आफूले तम्घासको डेरामा राखेको, आन्दोलनको दौडधुपमा डेरा सर्दा कता छुट्यो, अहिले त यादै भएन' भन्नुभयो। उहाँले केही व्यवस्था मिलाइदिने सल्लाह अनुसार ठाकुर व्यासलाई सोमनाथ सापकोटासँग भेट्न पठाएँ। उहाँहरूको भेट त भयो, तर मेरो सामान नै फर्काउनूस् भन्नु भएछ। त्यसयता मलाई फोन गर्नु भएन। मैले पनि उहाँहरूको या त सल्लाह मिलेछ, या धेरै वर्षपछि खोजेको सामान भेटिएन भनेर चित्त बुझाउनु भयो होला भन्ने सोचेँ। तर अचानक फेरि मलाई २०८० पुस १५ गते फोन गरेर त्यही कुरा दोहोर्‍याउनु भयो। मैले सम्झाएँ, तर मान्नुभएको छैन। म नैतिक सङ्कटमा परेको छु।

### बुवालाई बुझाउन नसक्दा

पाल्पा जिल्लामा सबैभन्दा बढी सेल्टर प्रयोग गरिने गाउँ मदनपोखरा थियो। सदरमुकामबाट नजिक, बुटवल, पोखरा, गुल्मी, अर्घाखाँचीतिरबाट आउँदा पस्न पनि सजिलो, प्रायः प्रत्येक घरमा तरकारी खेती, पशुपालन, मौरी पालन, फलफूल, कफी खेती लगायत व्यवसाय गरेर आम्दानीको राम्रो स्रोत बनाएका र राजनीतिक रूपमा सङ्गठित, सचेत, जागरुक तथा एकताबद्ध समाज रहेको हुँदा केही घर छोडेर बाँकी सबै घर सेल्टरका रूपमा प्रयोग गरिन्थ्यो। त्यसमध्ये पार्टी नेता कमरेड झपेन्द्र जीसीको घरमा सेल्टर लिँदा अलि फरक तरिका अपनाउनु पर्थ्यो। झपेन्द्र जीसी भूमिगत हिँड्नु भएको र घरमा उहाँका बुवा, श्रीमती, छोराछोरी, भाइ खड्ग जीसी र उहाँकी श्रीमती,

बच्चाबच्ची हुनुहुन्थ्यो। बुवाबाहेक सबै परिवारसँग राम्रो सम्पर्क र सम्बन्ध थियो। प्रत्येक दिन गाईगोरु चराउन जानु बुवाको ड्युटीजस्तै रहेछ। नजिकै छिमेकमा अलि सतर्क हुनुपर्ने खालका एक–दुई घर छन् भन्ने सुनेको थिएँ। बुवाको बानी, बाहिरका मान्छे आएको मन नपराउने र मान्छे देखेपछि अरूलाई सुनाउने थियो कि ? प्रस्ट थाहा पाउन सकिएन। तर परिवारका सदस्य र अन्य कमरेडहरूले पनि घरमा बुवाले देख्ने गरी बस्न मिल्दैन भन्नुहुन्थ्यो। मदनपोखरामा खासै सेल्टरको समस्या नहुने हुँदा म कहिलेकाहीँ बुवा माहारा जानु भएपछि मात्र जाने, बास बस्नुपर्दा बुवाले खाएर सुत्न जानु भएपछि वा गाईगोरु लिएर घरबाट निस्कनु भएपछि बल्ल खाना खाने गर्थें। बुवा घर हुँदासम्म तलाबाट नझर्ने र उहाँ घर नभएको मौका छोपेर मात्र बाहिर निस्कने गर्थें। घरमै बुवा हुँदा सेल्टर प्रयोग गर्न अलि असहज हुने भएकाले नजिकै नगेन्द्र पाण्डे, केशव खनाल र एकप्रसाद भण्डारीका घरतिर बसेका बेला आवश्यकता अनुसार कहिलेकाहीँ खाना खान मात्र अलि प्रयोग गर्थें। तर त्यति सचेत राजनीतिक परिवारमा बुवालाई हामीले किन सम्झाउन सकिएन र बुवासँग सधैँ तर्किएर किन हिँड्यौँ होला भन्ने मनमा रहिरह्यो।

**सहयोग गर्दा तनाव**

गल्धा बिसाउनामा कमरेड घनश्याम ज्ञवालीको एकान्त ठाउँमा तीनतले घर, तीन जनाको सानो परिवार, राम्रो खेतबारी, दुहुना भैँसी, गाई–गोरुसहितको सम्पन्न परिवार, बिहान आएर साँझ आफ्नै घर जान सक्नेलाई काम गर्ने सहयोगी राखेको, सबै परिवार मिलनसार, सचेत र सहयोगी भावना भएकाले त्यस भेगमा काम गर्दा त्यस घरलाई खाने, बस्ने र बैठक एवं भेटघाट गर्ने सेल्टरका रूपमा धेरै प्रयोग गरिन्थ्यो। समय बित्दै जाँदा थाहा भयो– घनश्यामको छोरा कमल ज्ञवालीको पहिलो घरबार छुटेकाले पुनः विवाह गर्नुपर्ने रहेछ। घनश्याम र उहाँकी श्रीमती दुवैले विवाहको जिम्मा पार्टीलाई दिनु भयो। कमरेड पवन (विष्णु पौडेल) र महेश (सिद्धिनाथ ज्ञवाली) दुवै बसे–जानेको घर भएकाले विवाहको जिम्मा उहाँहरूले लिनुभयो। हेर्दै जाँदा गुल्मी वीरबासका माइलादाइ रुकनारायण पौडेलकी छोरी लक्ष्मी पौडेललाई देख्नु भएछ। आर्थिक रूपमा निम्नमध्यम परिवार, घरमै होटल व्यवसाय गर्ने, सबै परिवार राजनीतिक रूपमा सचेत रहेकाले दुवैतिरको सहमतिमा कमल र लक्ष्मीको विवाह वीरबासबाटै गराइयो। लक्ष्मी कक्षा आठमा पढ्दै गरेकाले विवाहपछि घर–सल्लाहबाटै पढाइ पूरा गर्न माइत जानु भयो। २०४० मङ्सिरमा विवाह भएको तर अचानक २०४१ सालमा कमलको तराईतिरबाट अर्को विवाह गराइएछ। त्यसपछि लक्ष्मी घर आउनु भयो। घरमा बस्ने राम्रो वातावरण नदेखेपछि दुई महिनामा फर्केर आठ वर्ष माइत बस्नु भयो। यस बीचमा कान्छीबाट

चार सन्तान पनि जन्मिए। पार्टी नीतिविपरीत बिनाजानकारी अर्को विवाह गराएकाले घनश्याम ज्ञवाली केही समय कारबाहीमा पनि पर्नुभयो। पछि माइतीको अनुरोध, पार्टीको पहल र घनश्यामसँगको सल्लाहमा बुहारी लक्ष्मीलाई पुनः घर ल्याइयो। तीन वर्षजति दिदीबहिनी दुवै गल्धामा बसे। पछि कान्छीलाई मधेस र जेठीलाई गल्धा राख्नुभयो। जेठीतिर पनि एक छोरा र एक छोरी भए, कान्छीतिर एक छोरा र एक छोरी थपिए। पछि पार्टीमा काम गर्दै जाने क्रममा घनश्याम नेकपा (माओवादी) मा लाग्नुभयो। २०५८ चैत २९ गते नेपाली सेनाले उहाँको हत्या गऱ्यो। त्यसपछि आमा, छोरा र कान्छी बुहारी परासी डण्डामा घर बनाएर बस्न थाल्नुभयो। जेठी गल्धा गाउँकै विद्यालयमा जागिर गर्नुहुन्छ। दुवैतिरको अवस्था राम्रै छ। हामीले अनौपचारिक समीक्षा गर्दा त्यो घरमा मातृसत्ता चल्दो रहेछ। घनश्याम ज्ञवालीकी श्रीमतीको चिन्तनमा पनि समस्या रहेछ। छोराले पनि आत्मनिर्णय गर्न नसक्ने, आमाले जे भन्यो त्यही मान्ने स्वभाव देखियो। घनश्याम ज्ञवालीले पनि श्रीमतीलाई सम्झाउन नसकेर उहाँकै कुरा मान्ने स्वभावले गर्दा पार्टीलाई छोराको विवाह गर्न जिम्मा त दिनुभयो तर पार्टीले गराएको विवाह आमालाई मन परेन। यसरी श्रीमतीका कारणले घनश्याम ज्ञवाली कारबाहीमा पर्नुभयो र घरमा पनि खैलाबैला भयो। यता सेल्टरदातालाई सहयोग गर्दा पार्टी नेताहरू पनि लामो समय तनावमा पर्नुभयो। पार्टीको सल्लाहमा मेरो साढे दुई वर्षको छोरा प्रकाश रानालाई केही समय त्यस घरमा राख्नका लागि कमलजीसँग मीत लगाएकाले मैले भने सबैसित राम्रै सम्बन्ध राखिरहेँ। ●